# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००, ९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक २३४ | काठमाडौं | बुधबार, ०९ पुस २०८२ | Prabhab National Daily | Wednesday, 24 December 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५|–


कांग्रेस महाधिवेशन

## शेखर–गगन नै सार्ने माहोल बनाउँदै



अधिवेशन केही लम्बिन सक्छ । तर मैले सार्न खोजेको होइन, म त पुस २६ गते हुनुपर्छ भन्ने व्यक्ति हो ।
■ **डा शेखर कोइराला**
नेता, नेपाली कांग्रेस

जुन तिथिमा हामीले वडाको अधिवेशन भनेका छौं, त्यसमा एक–दुई दिन तलमाथि होला, थोरै तलमाथि होला ।
■ **गगन थापा**
महामन्त्री, नेपाली कांग्रेस

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसमा संस्थापनइतरका नेताहरू मंसिरमा जसरी पनि महाधिवेशन गर्नुपर्ने पक्षमा देखिन्थे । नियमित महाधिवेशन नभए विशेष महाधिवेशन हुनुपर्ने भन्दै जोडतोडले आवाजसमेत उठाएका थिए ।

संस्थापनइतरकै नेताहरू डा. शेखर कोइराला, महामन्त्री गगन थापा यसको पक्षमा थिए । उनीहरूले नियमित महाधिवेशन मंसिरमै गराउन दबाब दिन हस्ताक्षरसमेत संकलन गरे । कांग्रेस केन्द्रीय समितिलाई दबाब दिएर पुसको २६ गतेबाट काठमाडौंमा गर्ने गरी १५औं महाधिवेशनको कार्यतालिका सार्वजनिक गर्न शेखर र गगन सफल पनि भए ।

तर यी दुवै नेता अहिले महाधिवेशन सर्ने भन्दै सार्वजनिकरूपमा बोल्न थालेका छन् । मंगलबार कांग्रेस नेता डा. कोइरालाले काठमाडौंमा आयोजित कार्यक्रममा सार्वजनिकरूपमै महाधिवेशन सर्ने बताए । ‘अधिवेशन केही लम्बिन सक्छ । तर मैले सार्न खोजेको होइन, म त पुस २६ गते हुनुपर्छ भन्ने व्यक्ति हो,’ उनले भने ।

कांग्रेसको क्रियाशील सदस्यता वितरण र नवीकरणको काम तोकिएको समयमा नसकिएकोले महाधिवेशन सर्ने उनको भनाइ थियो । मंगलबार बसेको क्रियाशील सदस्यता व्यवस्थापन समितिको बैठक नवीकरणको समय पुस ९ गते मध्याह्न १२ बजेसम्म थपेको छ । यसअघि पुस मसान्तभित्र नवीकरण विवरण पठाइसक्ने समय तोकिएको थियो ।

क्रियाशील सदस्यता वितरणका लागि कांग्रेसले केन्द्रबाट पठाएका चार लाख फाराममा क्रम संख्या उल्लेख नगरेको पाइएपछि त्यसलाई लिएर विवादसमेत भयो । यो विषय लिएर शेखर सभापति शेरबहादुर देउवासँग भेट्न गएका थिए । त्यसपछि उक्त फारामको ठाउँमा नयाँ फाराम पठाइएको छ । ती फारामहरू जिल्ला जिल्लामा पुग्न ढिलाइ हुँदा कांग्रेस महाधिवेशन कार्यतालिका प्रभावित बन्न थालेको छ । कोइरालाले व्यंग्य गर्दै भने, ‘क्रियाशील सदस्य नयाँ थपिए ।

क्रमशः पृष्ठ २ मा

निर्वाचनको संशय तोड्ने पहल

# राष्ट्रपतिको समन्वयमा प्रधानमन्त्री र तीन मुख्य दलका नेतृत्वबीच छलफल

### फागुन २१ मै निर्वाचन सम्पन्न गर्ने वातावरण बनाउने समझदारी

- राष्ट्रपतिको संयोजनमा साढे तीन महिनापछि प्रधानमन्त्री र तीन प्रमुख दलका शीर्ष नेताबीच भेटवार्ता
- प्रतिनिधिसभा निर्वाचनको राजनीतिक वातावरण बन्ने संकेत
- भेटवार्ताले राजनीतिक गतिरोधलाई तोड्ने अपेक्षा

■ **जेबी योञ्जन**



**काठमाडौं–** प्रधानमन्त्री सुशीला कार्की र तीन मुख्य दलका नेतृत्वबीचको संवादहीनता मंगलबार तोडिएको छ । अन्तरिम सरकार गठन भएको साढे तीन महिनापछि पहिलोपटक राष्ट्रपति रामचन्द्र पौडेलको समन्वयमा प्रधानमन्त्री र तीन मुख्य दल नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का नेतृत्वबीच भेटवार्ता भएको हो । यो वार्ताले आगामी फागुन २१ गतेको प्रतिनिधिसभा चुनावप्रति उत्पन्न संशय तोड्ने आशा जगाएको छ ।

शीतल निवासमा राष्ट्रपति पौडेल र प्रधानमन्त्री कार्कीले कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपाका अध्यक्ष पुष्पकमल दाहालसँग करिब तीन घण्टा छलफल गरेका थिए । उक्त छलफलमा फागुन २१ मै निर्वाचन सम्पन्न गर्नका लागि वातावरण बनाउने समझदारी भएको राष्ट्रपति पौडेलका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए । यद्यपि, प्रधानमन्त्री निवास बालुवाटारमा फेरि विस्तृत छलफल गरेर समझदारीलाई टुंगोमा पुऱ्याइने भएको छ ।

छलफलमा राष्ट्रपति पौडेलले तोकिएकै समयमा निर्वाचन हुनुपर्ने र त्यसमा लागि सबै जिम्मेवार बन्नुपर्ने बताएका थिए ।



देशको परिस्थिति गम्भीर र संवेदनशील भएको अवस्थामा निकास दिनका लागि चुनावको घोषणा भएको हो ।क यो गम्भीरतालाई ध्यानमा राखेर निर्वाचन सफल बनाउन लाग्नु हामी सबैको एकमात्र दायित्व हो ।
■ **रामचन्द्र पौडेल**
राष्ट्रपति



प्रधानमन्त्रीलाई लागेको हुन सक्छ कि लोकतन्त्रलाई ट्र्याकमा ल्याउन ठूला दलहरूसँग संवाद गर्नुपर्छ । ठूलो जनमत भएको कांग्रेस, एमाले र नेकपाको सहयोगले मात्रै निर्वाचन हुने हो, सेना र प्रहरी लगाएर मात्रै चुनाव हुँदैन ।
■ **डा. भेषराज घिमिरे**
राजनीतिशास्त्री

‘देशको परिस्थिति गम्भीर र संवेदनशील भएको अवस्थामा निकास दिनका लागि चुनावको घोषणा भएको हो, यो गम्भीरतालाई ध्यानमा राखेर निर्वाचन सफल बनाउन लाग्नु हामी सबैको एकमात्र दायित्व हो,’ राष्ट्रपति पौडेलको भनाइ थियो । उनले देशको वर्तमान जटिल अवस्थाको निकासका लागि निर्वाचन नै उपयुक्त विकल्प भएको बताउँदै प्रतिनिधिसभा निर्वाचनलाई सफल बनाउन प्रधानमन्त्रीसहित मुख्य तीन राजनीतिक दलका शीर्ष नेताहरूलाई आग्रह गरे ।

प्रधानमन्त्री कार्कीले पनि तोकिएकै समयमै निर्वाचन सम्पन्न गर्न सरकार दृढ रहेको दोहोऱ्याइन् । कांग्रेस सभापति देउवाले पनि चुनावकै पक्षमा आफ्नो धारणा राखेका थिए । तर, एमाले अध्यक्ष ओली भने सुरक्षाको विषयलाई उठाउँदै २१ फागुनमा निर्वाचन नहुने बताए । नेकपाका अध्यक्ष दाहालले निर्वाचन हुने सुनिश्चित नभए प्रतिनिधिसभा पुनर्स्थापना गर्नुपर्ने धारणा राखेको बताइएको छ । लामो संवादहीनताले निर्वाचन प्रक्रिया नै अन्योलमा परेको थियो । यस्तो अवस्थामा राष्ट्रपति पौडेलले अग्रसरता लिएर प्रधानमन्त्री र प्रमुख दलका नेतृत्वबीच छलफल गराएका हुन् ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

वैदेशिक रोजगारीमा जाने महिलाको संख्या बढ्दै

## विदेसिने महिला बढ्नुमा सामाजिक मूल्यमान्यता प्रमुख कारण

- चालु आवको पाँच महिनामा कूल ४१ हजार ४४६ जना महिला श्रम स्वीकृति लिएर महिला रोजगारीमा
- सीप सिकेर जाने महिलाको संख्या पनि बढ्दो
- महिलाहरूको प्रमुख रोजगार गन्तव्य खाडी मुलुक

■ **ममता थापा**



प्रतीकात्मक तस्विर

**काठमाडौं–** चालु आर्थिक वर्षको मंसिर महिनामा ६५ हजार ७०५ जना रोजगारीका लागि विदेसिएकामा सात हजार ६२२ जना महिला छन् । वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार मंसिरमा १०८ वटा मुलुक नेपाली श्रमिकको रोजगार गन्तव्य बन्दा महिला श्रमिक गएका मुलुक ५९ वटा छन् ।

पछिल्ला वर्षहरूमा रोजगारीका लागि विदेसिने महिलाको संख्या बढ्दो क्रममा छ । विभागको तथ्यांकले नै यसलाई पुष्टि गर्छ । चालु आवको पाँच महिनामा कूल ४१ हजार ४४६ जना महिला श्रम स्वीकृति लिएर महिला रोजगारीमा गएका छन् । अघिल्लो आवको यसै अवधिमा ३७ हजार ७२१ जना महिला विदेसिएका थिए ।

त्यसअघिका वर्षहरूको तथ्यांक हेर्दा रोजगारीमा जाने महिलाहरूको संख्या क्रमशः बढेको पाइन्छ । आव २०७५/७६ मा ३२ हजार १२३ र आव २०७६/७७ मा २८ हजार ४३३ जना महिला रोजगारीको खोजीमा विभिन्न मुलुक गएको तथ्यांक छ । त्यसपछि, आव २०७७/७८ मा कोरोना महामारीका कारण रोजगारीमा जानेहरूको संख्या न्यून हुँदा ११ हजार ४५६ महिला विदेसिएका थिए ।

कोरोना महामारीपछि भने पुनः विदेसिनेको संख्या बढेको छ । आव २०७८/७९ मा ४९ हजार १२८ जना, २०७९/८० मा ७२ हजार १३४ जना, २०८०/८१ मा ८० हजार १७२ र २०८१/८२ मा ९४ हजार ४५५ जना महिला विदेसिएका छन् ।

विभागको तथ्यांकअनुसार रोजगारीमा जानेमात्र नभई सीप सिकेर जाने महिलाहरूको संख्या पनि बढ्दो छ । आव २०७५/७६ मा रोजगारीमा ३० हजारभन्दा बढी जाँदा ६० प्रतिशतभन्दा बढी अर्थात् १९ हजार ४४२ जना अदक्ष कामदार गएका थिए । उक्त आवमा जम्मा १९ जना महिला उच्च दक्ष श्रमिकको रूपमा गएका थिए । तर चालु आव २०८२/८३ को पाँच महिनामा ४० हजारभन्दा बढी रोजगारीमा जाँदा अदक्ष श्रमिकको संख्या २० प्रतिशतको हाराहारीमा झरेको छ । यस अवधिमा नौ हजार ११३ जनामात्र अदक्ष महिला कामदार विदेसिएका छन् भने १८ जना उच्च दक्ष महिला रोजगारीमा गएका छन् ।

### सामाजिक मूल्यमान्यता प्रमुख कारण

पछिल्लो समय महिलाहरू विदेसिने क्रम बढ्नुमा सामाजिक मूल्यमान्यता प्रमुख कारण रहेको पाइएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आप्रवासन दिवसका अवसरमा सार्वजनिक गरेको राष्ट्रिय श्रम आप्रवासन प्रतिवेदनले यस्तो देखाएको हो ।

क्रमशः पृष्ठ २ मा

## दुवाडी, खापुङ र रिजालको स्थानहद फुकुवा

- पूर्वगृहसचिव गोकर्णमणि दुवाडी, पूर्वमहानिरीक्षक चन्द्रकुवेर खापुङ र काठमाडौंका पूर्वप्रमुख जिल्ला अधिकारी छविलाल रिजालको स्थानहद फुकुवा
- बयान लिएको र प्रमाण संकलन गरिएको हुनाले यात्रा प्रतिबन्ध फुकुवा गरेको जानकारी



गोकर्णमणि दुवाडी



चन्द्रकुवेर खापुङ



छविलाल रिजाल

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** जेन–जी विद्रोहको क्रममा सरकारी पक्षबाट भएको बल प्रयोग र विद्रोही पक्षले गरेको विध्वंशको सत्यतथ्य छानबिन गर्न गठित जाँचबुझ आयोगले तीन उच्च पूर्वअधिकारीमाथि लगाइएको स्थान हद (यात्रा प्रतिबन्ध) फुकुवा गरेको छ । अनुसन्धानको दायरामा रहेका उनीहरूको बयान सकिएको भन्दै आयोगले स्थानहद फुकुवा गरेको हो ।

स्थानहद फुकुवा हुनेमा पूर्वगृहसचिव गोकर्णमणि दुवाडी, नेपाल प्रहरीका पूर्वमहानिरीक्षक चन्द्रकुवेर खापुङ र काठमाडौं जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी छविलाल रिजाल छन् । उनीहरूमाथि लगाइएको विदेश भ्रमण तथा काठमाडौं उपत्यका...

क्रमशः पृष्ठ २ मा

### पूर्वगृहमन्त्री लेखकलाई बयानमा आउन पत्र



पूर्वगृहमन्त्री रमेश लेखकलाई गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले बयानमा बोलाएको छ । आयोगले लेखकलाई बयानका लागि मंगलबार सात दिनभित्र आउन पत्र नै काटेको हो ।

गत २३ भदौमा भएको जेन–जी विद्रोहमा सुरक्षा निकायबाट बल प्रयोग हुँदा गृहमन्त्री लेखक थिए । त्यसो हुनाले विद्रोहको पहिलो दिन भएको बल प्रयोगमा उनलाई जिम्मेवार ठान्ने गरिन्छ । सोही कारण आयोगले उनीसँग बयान लिन लागेको हो ।

क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## राष्ट्रपतिको...

छलफललाई राजनीतिक गतिरोध तोड्ने र निर्वाचनको वातावरण बनाउने प्रारम्भिक कदमका रूपमा हेरिएको छ ।

यसअघि प्रधानमन्त्री सुशीला कार्की देउवा, ओली र दाहालसँग संवाद नगर्ने भनेर कठोर बनेकी थिइन् । कतिसम्म भने उनले यी नेताहरूको मुख पनि नहेर्ने भनेकी थिइन् । राजनीतिशास्त्री डा. भेषराज घिमिरेको विश्लेषणमा निर्वाचन वातावरण बनाउने सन्दर्भमा कार्कीलाई आफ्नै उक्त अभिव्यक्ति भारी परेको थियो । ओली र दाहालले सार्वजनिक रूपमै उनको अभिव्यक्तिको आलोचना गरेका थिए ।

यसबीच कार्कीले बोलाएको छलफलमा कांग्रेस, एमाले र नेकपाबाट दोस्रो तहका नेताहरू मात्रै गएका थिए । छलफलमा जान देउवा, ओली र दाहालको अरुचि थियो जसले निर्वाचनको वातावरण बन्न सकेको थिएन । जबकि, कार्की सरकारको गठन नै आगामी २१ फागुनमा प्रतिनिधिसभा निर्वाचन गर्नेगरी भएको हो । तर, प्रतिनिधिसभा निर्वाचन हुनेमा संशय प्रकट भयो ।

यस्तोबेला राष्ट्रपति पौडेलको संयोजनमा प्रधानमन्त्री कार्की, देउवा, ओली र दाहालबीच मुख्यतः निर्वाचनबारे भएको छलफललाई सकारात्मक रूपमा लिइएको छ ।

प्रधानमन्त्री कार्कीले पनि तोकिएकै समयमै निर्वाचन हुने भन्दै आए पनि उनी समर्थित कतिपय जेन-जी समूहहरूले निर्वाचन यथास्थितिमा नहुने बताउने गरेका छन् । निर्वाचन नभए देशमा संकट झन् गहिरिने चिन्ता प्रकट भइरहेको छ ।

विघटित प्रतिनिधिसभामा बहुमत रहेका कांग्रेस र एमालेले प्रतिनिधिसभा पुनर्स्थापनाको मुद्दालाई पनि सशक्त उठाउँदै आएका छन्, जसले प्रतिनिधिसभा निर्वाचनबारे संशय उत्पन्न गरेको हो ।

तर, मंगलबारको भेटवार्तालाई निर्वाचन वातावरण बनाउने मामिलामा 'आइसब्रेक' मानिएको छ । राजनीतिशास्त्री डा. घिमिरे लोकतन्त्रलाई ट्र्याकमा ल्याउन सरकारले प्रमुख दलका नेताहरूसँग संवाद गरेर निर्वाचन गर्न चाहेको देखिएको बताउँछन् ।

'ठूलो जनमत भएको कांग्रेस, एमाले र नेकपाको सहयोगले मात्रै निर्वाचन हुने हो, सेना र प्रहरी लगाएर मात्रै चुनाव हुँदैन र प्रधानमन्त्रीलाई विगतमा आफूले गल्तीको रियलाइजेसन पनि भयो होला,' उनले भने, 'जेन-जीहरूले पनि सरकारविरुद्ध तथानाम बोल्न थाले । त्यसो हुँदा प्रधानमन्त्रीलाई लागेको हुन सक्छ कि लोकतन्त्रलाई ट्र्याकमा ल्याउन ठूला दलहरूसँग संवाद गर्नुपर्छ ।'

सरकार र प्रमुख दलहरूबीच संवाद खुल्नुले निर्वाचन आयोग, सुरक्षा संयन्त्र र प्रशासनिक तयारीलाई समेत मनोवैज्ञानिक बल दिएको विश्लेषकहरू बताउँछन् । राजनीतिक सहमतिविना निर्वाचन सम्भव हुँदैन भन्ने यथार्थलाई सरकारले स्वीकार गरेको संकेत पनि मंगलबारको संवादले दिएको उनीहरूको भनाइ छ ।

तर, निर्वाचन सम्पन्न गर्ने चुनौती अझै बाँकी छ । सरकार र प्रमुख दलहरूबीच विश्वासको खाडल पूर्णरूपमा पुरिएको छैन । राजनीतिक विश्लेषक बुद्धिछिरिङ मोक्तान राजसंस्था पक्षधर शक्तिहरूलाई पनि प्रधानमन्त्री कार्कीले विश्वासमा लिनुपर्ने छ । 'प्रधानमन्त्रीले प्रमुख तीन दलका नेतासँग संवाद गरेर निर्वाचनको वातावरण बनाउन खोजेको देखिन्छ तर राजतन्त्रवादी फच्याक्टरलाई पनि मिलाउनुपर्ने छ,' उनले भने ।

उनका अनुसार यी कार्य प्रधानमन्त्री कार्कीमार्फत हुने कि प्रतिनिधिसभा पुनर्स्थापना गरेर सर्वपक्षीय सरकार गठन गर्ने भन्ने विषय टुंगिन बाँकी छ । तर, संवाद भने नयाँ ढंगले चलेको बताए ।

प्रतिनिधिसभा पुनर्स्थापना गरेर सर्वपक्षीय सरकारको पक्षमा कांग्रेस र एमाले छन् । नेकपा पनि निर्वाचन नहुने अवस्थामा प्रतिनिधिसभा पुनर्स्थापनाकै पक्षमा उभिएको छ । मोक्तान भन्छन्, 'नेकपाभन्दा कांग्रेस र एमालेकै लाइन प्रभावशाली रहन्छ र प्रतिनिधिसभा एक दिन पुनर्स्थापना गरेर संविधान संशोधन गरी निर्वाचनमा जान सकिन्छ ।'

प्रधानमन्त्री कार्कीले प्रमुख तीन दलका नेताहरूसँग संवाद गरेकै दिन जेन-जी विद्रोहको क्रममा भएको आगजनीले पुऱ्याएको क्षतिको अनुगमनमा सरकारी टोली पुगेको थियो । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हा र प्रधानमन्त्री कार्कीकी मुख्य सल्लाहकार अजयभद्र खनाल अनुगमनमा गएका थिए । यो मुख्य दलहरूलाई सान्त्वाना दिँदै निर्वाचनको वातावरण बनाउने प्रधानमन्त्री कार्कीको रणनीतिको रूपमा अर्थ्याइएको छ ।

■■■

## शेखर-गगन...

नयाँ क्रियाशील सदस्य बाँड्ने क्रममा देशभरि सिरियल नम्बर नभएको पठाउने त शेखर कोइराला होइन होला । अर्कैले पठाएको होला । मैले त थाहा पाएँ । थाहा पाएपछि चनाखो भएँ ।' कोइरालाको व्यंग्य महामन्त्री थापातिर लक्षित थियो । महामन्त्री थापा कांग्रेस क्रियाशील व्यवस्थापन समितिका संयोजक हुन् ।

उनै थापाले जिल्लाजिल्लामा पठाएका छ लाखमध्ये चार लाख फाराम क्रम संख्या नभएको भेटिएको हो । थापाले फर्जी काम गरेको आरोपसमेत शेखरले लगाए । यसै कारण महाधिवेशन धकेलिँदै गएको उनले आरोप लगाए ।

कांग्रेसको महाधिवेशनलाई लिएर सबैले सोध्दा कहिलेकाहीँ दिक्क लाग्नेसमेत शेखरले सुनाए । 'कांग्रेस महाधिवेशनबारे सबैलाई किन चिन्ता लागेको हो मैले बुझेको छैन । एउटा पार्टीको अधिवेशन हुनु, पार्टीको अधिवेशन हो, निरन्तर चार/चार वर्षमा हुनुपर्छ । भइरहन्छ भन्ने बुझ्नुस् । जसले पनि अधिवेशनको बारेमा सोध्छ । मलाई त दिक्क पनि लाग्छ कहिलेकाहीँ । आफ्नो तरिकाले जान्छ, किन चिन्ता गर्ने ?,' कोइरालाले प्रश्न गरे ।

यता महामन्त्री थापाले पनि सोमबारमात्र महाधिवेशन सर्न सक्ने संकेत गरेका थिए । क्रियाशील सदस्यता व्यवस्थापनमा ढिलाइ हुने उल्लेख गर्दै थापाले भनेका थिए, 'जुन मितिमा हामीले वडाको अधिवेशन भनेका छौं, त्यसमा एक-दुई दिन तलमाथि होला, थोरै तलमाथि होला ।'

तोकिएको मितिमा महाधिवेशन नभए विशेष महाधिवेशनमा अघि बढ्ने चेतावनी थापाको थियो । 'कि नियमित अधिवेशन सरासर अगाडि बढ्छ कि विशेष महाधिवेशन हुन्छ । त्योभन्दा अर्को कुरा केही पनि छैन । अधिवेशन हुन्छ,' थापाले भनेका थिए । संस्थापन पक्षले भने वैशाखको अन्तिममा मात्र महाधिवेशन गर्नुपर्ने कार्यतालिका पेस गरेको थियो । सार्वजनिक कार्यतालिका अनुसार कांग्रेसको वडा अधिवेशन पुस १६ गतेका लागि तोकिएको छ । गाउँ तथा नगर समितिदेखि जिल्लाहुँदै प्रदेश कार्यसमितिको अधिवेशन भएपछि महाधिवेशन हुन्छ । कांग्रेसको १५औं महाधिवेशन पुस २६ देखि २८ गतेसम्म गर्ने तय गरिएको छ ।

यो कार्यतालिकामा मुख्यगरी कांग्रेस नेताहरू विमलेन्द्र निधि र कृष्णप्रसाद सिटौलाले आपत्ति जनाएका थिए । तयारी नपुगेकाले पुसमा महाधिवेशन हुनै नसक्ने ठोकुवा उनीहरूले गरेका थिए । अहिले उनै नेताहरूको असहयोगका कारण महाधिवेशनको कार्यतालिका प्रभावित भएको गगनको आरोप छ । 'जसले यो कार्यतालिकाको विरोध गरेका थिए, उहाँहरू नै अब अधिवेशन सर्छ सर्छ भनिरहनुभएको छ,' थापाले भने ।

■■■

## विदेसिने...

पितृसत्तात्मक सामाजिक मूल्य मान्यता, लैंगिक विभेद, महिलाहरूले गर्ने कामप्रतिको मानसिकता र परिवारका सदस्य तथा श्रीमान्बाट उत्पीडनमा पर्नु उनीहरू विदेसिनुको मुख्य कारण भएको उक्त अध्ययनमा उल्लेख गरिएको छ । पुरुषहरू भने गरिबी र बेरोजगारीको कारणले विदेसिने गरेको पाइएको छ ।

महिलाहरूको प्रमुख रोजगार गन्तव्य खाडी मुलुक बन्दै आएका छन् । प्रतिवेदनअनुसार खाडी मुलुकमा विभिन्न मुलुकका ५८ लाख घरेलु कामदारका रूपमा कार्यरत रहेको अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओको)को तथ्यांक छ । जसमा ३५.४ प्रतिशत महिला कामदार छन् । उक्त तथ्यांकअनुसार सन् २०२२ मा कुवेतमा रहेका घरेलु कामदारमध्ये चार प्रतिशत नेपाली महिला थिए । घरेलु कामदार महिलाहरू विशेषगरी बालबालिका तथा ज्येष्ठ नागरिकको स्याहारसुसार र घरायसी सरसफाइका लागि जाने गरेका छन् ।

प्रतिवेदनले महिलाहरू आप्रवासनको पूरै चक्रमा मानवअधिकारविरुद्धका समस्यामा पर्ने गरेका छन् । घरेलु महिला कामदारको राहदानी जफत हुने, हिंसामा पर्ने, आवागमनमा प्रतिबन्ध र असुरक्षित वातावरणमा काम गर्न बाध्य रहेको बताइएको छ ।

केही वर्षयता घरेलु महिला कामदारमाथि रोजगारीमा जान प्रतिबन्ध लगाइएका कारण गैरकानुनी माध्यमबाट रोजगारीमा जाने गरेका छन् । यसरी गैरकानुनी रूपमा जानेको तथ्यांक सरकारसँग छैन । घरेलु कामदारलाई प्रतिबन्ध लगाइनु हुन्छ या हुँदैन भन्नेमा पनि बहस हुँदै आएको छ ।

■■■

## दुवाडी...

बाहिर जान नपाउने प्रतिबन्ध हटाउने निर्णय आयोगले सोमबार गरेको हो । आयोगका सचिवालयका उपसचिव कमलप्रसाद पाण्डेले त्यसबारे गृह मन्त्रालयलाई औपचारिक जानकारी भने मंगलबार दिएको बताए ।

निवर्तमान प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र उनकै सरकारका गृहमन्त्री रमेश लेखकमाथि लगाइएको स्थानहद भने कायमै रहेको आयोगले जनाएको छ । आयोगले उनीहरूसँग बयान लिने तयारी गरिरहेकोले स्थानहद कायमै राखेको हो ।

यात्रा प्रतिबन्ध फुकुवापछि पूर्वप्रहरी महानिरीक्षक खापुङले व्यग्यात्मक शैलीमा भनेका छन्, 'लु है कतै निमन्त्रणा छ भने भन्नुहोस् ।' जेन-जी विद्रोहका क्रममा २३ भदौमा सुरक्षा संयन्त्रको परिचालन, आदेशको शृंखला र बल प्रयोग तथा २४ भदौमा विद्रोही पक्षबाट विध्वंश भएपछि गठित आयोगले जाँचबुझ गर्न उनीहरूमाथि स्थानहद तोकेको थियो । अनुसन्धानमा प्रभाव नपरोस्, बयान र प्रमाण संकलन सहज होस् भनेर गरेको निर्णयलाई आयोगको प्रारम्भिक कडाइका रूपमा हेरिएको थियो ।

तर, दुवाडी, खापुङ र रिजालसँग बयान लिइसकेको हुनाले यात्रा प्रतिबन्ध आवश्यक नरहेको निष्कर्षमा आयोग पुगेको जनाएको छ । यसले आयोगले प्रारम्भिक तहको अनुसन्धान पूरा गरी अब विश्लेषण र निष्कर्षतर्फ अघि बढ्न लागेको संकेत गरेको छ । यद्यपि, यात्रा प्रतिबन्ध फुकुवा हुनु आरोपमा सफाइ भने होइन । आयोगले बयान र प्रमाणहरूको विश्लेषण गरेर प्रतिवेदन तयार गर्न बाँकी छ ।

प्रमुख दलहरू र नागरिक समाजबाटसमेत दलका देतालाई स्थानहद लागू गरेर निर्वाचनको वातावरण नबन्ने भन्दै सरकारको आलोचना गर्दै आएको सन्दर्भमा तीन पूर्वउच्च अधिकारीको यात्रा प्रतिबन्ध फुकुवा गर्ने निर्णय आएको हो । आयोगको यो कदमले निर्वाचनको वातावरण बनाउन मद्दत पुग्ने ठानिएको छ ।

■■■

## पूर्वगृहमन्त्री...

लेखकपछि आयोगले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई बयानका लागि बोलाउने तयारी गरेको छ । तर, ओलीले आयोगलाई बयान नदिने बताउँदै आएका छन् । पूर्वगृहमन्त्री लेखकले भने पत्र पाएपछि बयानमा जाने नजानेबारे निर्णय लिने प्रतिक्रिया दिएका छन् ।


### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १२ अंक २३३ पुस ८ गते २०८२ मा प्रकाशित Lot No.335659 को कम्पनीको नाम MAWARID AL RIYADA TOURISM HOSPITALITY COMPANY मा देश साउदी (Saudi) को पारिश्रमिक नेरु.३८,१७५ (अक्षरेपी अठ्तीस हजार एक सय पचहत्तर रुपैया) हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

श्रम ईजाजत नं. ३८४/०५९/०६० Pigeon International Overseas Pvt. Ltd Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277, E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np



### कतारमा रोजगार

कम्पनी : AL KAUN CARPENTRY

पूर्व स्वीकृति मिति : २०८२/०९/०८ LT. No. 335884 चलानी नं. ६०२४९४८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 15 | 0 | 1000 | ३९,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Assistant Carpenter | 5 | 0 | 1100 | ४३,१७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १६ गते (31st Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1080/073/74
SKY LINE OVERSEAS PVT. LTD.
Badri Colony, Sukedhara-9, Kathmandu, Nepal, Tel: 4379385, E-mail: info@skylineoverseas.com.np



### कुवेतमा रोजगार

कम्पनी : GB RESTAURANT MANAGEMENT CO.

पूर्व स्वीकृति मिति : २०८२/०९/०७ LT. No. 335789 चलानी नं. ६०२४९४६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN CLEANER /HELPER | 25 | 0 | 90 | ४१,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १६ गते (31st Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ७९७/०६५/०६६
Saudi Nepal Recruitment Agency Pvt.Ltd.
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com


### डि.एम.आर.एग्रो होटेल्सको संक्षिप्त वातावरणीय अध्ययनको सार्वजनिक सुनुवाईको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०९/९**

बागमती प्रदेशको, काभ्रेपलाञ्चोक जिल्ला, पाचँखाल नगरपालिका वडा नं. ०५, खावामा डि.एम.आर.एग्रो होटेल्स प्रा. लि. द्वारा प्रस्तावित डि. एम. आर. एग्रो होटेल्सको २० कोठा र ४० शय्या क्षमतामा होटलको निर्माण तथा सञ्चालनको लागि बागमती प्रदेश वातावरण संरक्षण ऐन २०७७ ( संशोधन २०७९) को प्रावधान अनुसार संक्षिप्त वातावरणीय अध्ययन गर्ने क्रममा उक्त ऐन को दफा ३ को उपदफा (४) को प्रावधानमा व्यवस्था भए बमोजिम सार्वजनिक सुनुवाईको लागि यो सूचना प्रकाशित गरिएको हो । उक्त आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दै गर्दा प्रतिवेदन स्वीकृतिको क्रममा वातावरणीय सवालबारे सुझाव सङ्कलन गर्नुपर्ने भएकाले स्थानीय समुदाय तथा सरोकारवालाहरु र प्रस्तावकको प्रतिनिधि बीच सार्वजनिक सुनुवाई निम्न मिती, समय र स्थानमा हुने भएकोले सम्बन्धित सबै सरोकारवाला महानुभावहरुको सक्रिय सहभागिताको लागि अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनवाई हुने मिती, समय र स्थान**

मिती: २०८२/०९/१६ गते वुधबार, समय: ११:३० बजे

स्थान: डि.एम.आर.एग्रो होटेल्सको प्रस्तावित आयोजना स्थल, पाचँखाल न.पा.-०५, खावा,

आयोजक: डि.एम.आर.एग्रो होटेल्स प्रा.लि.

### मोटरसाइकल हराएको सूचना

अर्जुन भट्टको नाम रहेको निम्न व्योहोरा भएको मोटरसाइकल मिति २०८२।०८।०५ गते का. जि. कागेश्वरी मनोहरा न.पा-६ स्थित पार्किङ गरि राखेको ठाउँबाट रातको अन्दाजी १:१२ बजे तिर हराएको हुँदा पाउनु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**धनीको नाम : अर्जन भट्ट**
**बाइक नं.: बा.प्र. ०२-०३३ प ८६०६**
**च्यासिस नं.: MD2A36FXXMCF 92799**
**इन्जिन नं. : JLXCMF14066**
**रंग : कालो**
**सम्पर्क नं. ९७६९७६२८२५**

### मोटरसाइकल हराएको सूचना

मिति २०८२/०८/०९ गते अं. २२:०० बजेको समयमा का.जि.गो.नं.पा ०५ चामुण्डा स्कुल नजिक मम्मी क्याफेमा पार्किङ्ग गरेर राखेको मिति २०८२/०८/१० गते अं. ०५:०० बजेको समयमा हेर्दा बा.९९प.३०२२ को सिल्भर बल्याक रङ्गको २५० सिसिको KTM ड्युक हराएको हुदाँ पाउनु हुने महानुभावले निम्न ठेगाना वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

सवारी धनी: मिलन ग्राङडेन तामाङ्ग
ईन्जिन नं.:**8937233333**
च्यासिस नं.:**MD2JPEYF13C087519**
सम्पर्क नं.: **9803663159**

### माइग्रेसन हराएको सूचना

मितिः २०८२/०८/०२ गते झापाबाट कामाडौंसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको +2 को राष्ट्रिय परिक्षा बोर्डबाट जारी माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : पुजन थेबे**
**रजिस्ट्रेसन.नं.: ७६८००२०२७**
**माइग्रेसन सि.नं.: ६०७८६२**
**ठेगानाः बुद्धशान्ति-३, झापा**
**सम्पर्कः ९७४१८७३५५६**

### बागचौर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

**बागचौर, सल्यान**
**कर्णाली प्रदेश, नेपाल**

## नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

**(तेस्रो पटक प्रकाशित मितिः २०८२/०९/०९)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा 'घ' को (६), र नगर कार्यपालिकाको मिति २०८२/०६/०८ गते बसेको बैठकको निर्णय बमोजिम तपसिलमा उल्लेखित नगरपालिकाको अधिकार क्षेत्रभित्र रहेका नदी, खोलाहरुको घाटबाट प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन- २०८१, द्वारा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी यस नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले, फर्म वा कम्पनीहरुले फर्म नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यी सूचना प्रकाशन गरिएकोछ ।

**तपसिल**

| सि.नं. | सूचना नं./बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन फिट) | न्यूनतम बोलपत्र रकम (अ.आय कर, मू.अ. कर र सडक मर्मत/वातावरण शुल्क बाहेक) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | BM-SAL-GOODS-NCB-02-2082/083 | शारदा खोला, थिवांग (थिन्बांग) खोला, पाण्डल खोला, बाफुखोला, खारा खोला, तिल्चा खोला र रयाजबोट खोला क्षेत्रको नदिजन्य प्रदार्थ को उत्खनन तथा बिक्रिवितरण | १२८५२०२.४३ | रु. ६४२६०१२.१५ | रु. ३०००/- |

माथि उल्लेखित ठेक्का विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्दा बोलपत्रदाताले थप जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**बागमती प्रदेश सरकार**
**वन तथा वातावरण मन्त्रालय**
**वन निर्देशनालय**
### वन डिभिजन वन कार्यालय राप्ती
**मनहरी, मकवानपुर**

### बोलपत्र प्रक्रियाद्वारा काठ, दाउराको लिलाम विक्री सम्बन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०९/०९ गते)*

यस कार्यालयको कार्यक्षेत्रअन्तरगत मनहरी-६, मकवानपुरस्थित नेपाली सेना (सुनाचरी ब्यारेक), सुपारीटार व्यारेक, मनहरी गाउँपालिका निर्माणस्थल र डिभिजन वन कार्यालयअन्तर्गत रुखहरू कटान मुछान गरी उत्पादन भई मनहरी-६ स्थित विभिन्न स्थानमा घाटगद्दी गरिएको लट नं.१ साल समेतको गोलिया थान १२२ को ९३३.८८ क्यू.फि.काठ र सालसमेत जातको जम्मा २.२७ चट्टा दाउरा लिलाम विक्री गर्ने कार्य सिलबन्दी बोलपत्र प्रक्रियाबाट गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून वमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण तथा सुचिकृत भएका गोलिया काठ चिरान गर्ने स:मील र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ (**एकाइस**) दिनभित्र बोलपत्र फारम खरिद गरी २२ औं दिनको १:०० बजे उल्लेखित लटको सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी पूर्ण व्यहोराको सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको हुँदा यस सम्बन्धी जानकारीको लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

### याम्बालिङ्ग हाइड्रोपावर लिमिटेड
**ललितपुर म.न.पा. १०, ललितपुर**

### पाँचौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०९/०८**

यस कम्पनीको संचालक समितिको मिति २०८२ पौष ०८ गतेको निर्णय अनुसार पाँचौ वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा वस्ने भएकोले सम्पूर्ण शेयर धनी महानुभावहरूलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**पाँचौ वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति** :- २०८२ पौष २९ गते मंगलवार (तदनुसार १३ जनवरी, २०२६)
**समय** :- विहान १०:०० वजे
**स्थान** :- होटल हार्दिक, वागवजार , काठमाडौं ।

**पाँचौ वार्षिक साधारण सभाका प्रस्तावहरू:**

**१.सामान्य प्रस्तावहरू**

क) कम्पनीको तर्फ वाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०८१/८२ को बार्षिक प्रतिवेदन उपर छलफल गरि निर्णय गर्ने ।
ख) कम्पनीको आ.व. २०८१/८२ को लेखापरिक्षण प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अनुसूचीहरू उपर छलफल गरी निर्णय गर्ने ।
ग) कम्पनीको आ.व. २०८२/८३ को लेखापरिक्षण गर्नका लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धी ।
घ) कम्पनीको शेयरको प्रारम्भीक सार्वजनिक निष्काशन (IPO) सम्वन्धमा ।
ङ) संचालक समितिको निर्णय अनुमोदन सम्बन्धी ।
च) संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने सम्बन्धी ।

**२. विविध ।**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

# वैज्ञानिक ढंगले अनुसन्धान तथा अभियोजन गर्न प्रधानन्यायाधीशको जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले महान्यायाधिवक्ता कार्यालयले अझै वैज्ञानिक ढंगले अनुसन्धान तथा अभियोजन गर्नुपर्ने बताएका छन् । महान्यायाधिवक्ता कार्यालयको ७५औं स्थापना दिवसका अवसरमा आयोजना गरेको कार्यक्रममा उनले यस्तो बताएका हुन् ।

अनुसन्धान सूक्ष्म, गहिरो, प्रभावकारी भएन भने न्याय ठीक ठाउँ नपर्ने उल्लेख गर्दै प्रधानन्यायाधीश राउतले सभ्य समाज निर्णयमा न्यायको दियो प्रज्ज्वलित हुनुपर्ने आवश्यकता औंल्याए । उनले न्याय सार आदेश र फैसलामामात्रै नभई कार्यान्वयन महत्त्वपूर्ण विषय भएको तथा न्यायमा सहज पहुँच बनाएमा अभियोजनमा राम्रो हुने स्पष्ट पारे । महान्यायाधिवक्ता कार्यालयले फौजदारी न्याय प्रणालीलाई प्रभावकारी बनाउँदै लगेको उनले उल्लेख गरे ।

प्रधानन्यायाधीश राउतले अहिलेको नागरिक प्रश्न सोध्ने र समाज जवाफ दिने भएकोले यसलाई स्वाभाविकरूपमा लिएर अघि बढ्नुपर्ने जरुरी भएको बताए ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाले कानुनी प्रणालीले विधि र प्रक्रियाअनुसार अनुसन्धानलाई वस्तुनिष्ठ, सूक्ष्म तरिकाले गर्दामात्रै सफल हुने बताए । उनले महान्यायाधिवक्ता कार्यालयको अभियोजन सुधार र व्यावसायिक सफलताको कामनासमेत गरे ।




सर्वोच्च अदालतकी वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्लले जनतालाई न्यायको केन्द्रबिन्दुमा राखेर पीडितलाई न्याय दिने तरिकाले अभियोजन सुधार गर्नुपर्ने बताइन् । उनले संविधानले मुद्दा चलाउने वा नचलाउने भन्ने जिम्मेवारीसमेत दिएको बताइन् । अहिले जटिल परिस्थितिबाट न्यायालय अगाडि बढिरहेको र सुधारको चाहनालाई लिएर भएको जेन-जी पुस्ताको मागलाई ध्यान दिनुपर्ने जरुरी भएको उनको भनाइ थियो ।

महान्यायाधिवक्ता सविता बरालले सात दशकदेखि महान्यायाधिवक्ता कार्यालयले फौजदारी न्याय प्रणालीलाई निरन्तर सुधार गर्न लागिरहेको बताइन् । उनले सरकारी वकिलको कार्यालय अभियोजन गर्ने निकाय भएकाले बढी जिम्मेवार हुनुपर्नेमा जोड दिइन् ।

लोकसेवा आयोगका अध्यक्ष माधवप्रसाद रेग्मीले महान्यायाधिवक्ता सरकारको कानुनी सल्लाहकार भएको हुनाले अभियोजनमा प्रभाव पर्छ कि पर्दैन भन्ने जिज्ञासा राखे । उनले जिल्ला न्यायाधीशमा सरकारी वकिलले नाम निकाल्न सफल भएको र ५० प्रतिशतभन्दा बढी महिला भएको जानकारी गराए ।

नेपाल बार एशोसिएशनका अध्यक्ष प्राडा विजयप्रसाद मिश्रले गरिबले न्याय पाउनेगरी काम गर्नुपर्ने र फौजदारी अभियोजनमा सुधारमा सफलताको शुभकामना व्यक्त गरे । उनले जनताको न्यायमा ध्यान दिन प्रेरित गरोस् भन्ने शुभकामना व्यक्त गरे ।

प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले विधिको शासन, अभियोजन प्रणालीलाई व्यवस्थित बनाइ प्रविधिमैत्री तरिकाले काम गरिरहेको बताए । उनले महान्यायाधिवक्ता कार्यालय र नेपाल प्रहरीबीच सोच, सहकार्य तथा समन्वयमा प्रभावकारी तरिकाले काम गरिरहेको उल्लेख गरे ।

# जापानिज इन्सेफ्लाइटिसबाट यस वर्ष ३५ जनाको मृत्यु

**काठमाडौं (प्रस)–** जापानिज इन्सेफ्लाइटिसको संक्रमणबाट यस वर्ष ३५ जनाको मृत्यु भएको छ । स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाअन्तर्गतको बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमका अनुसार १७९ जना जनामा जापानिज इन्सेफ्लाइटिसको संक्रमण भएको थियो ।

यस वर्ष जापानिज इन्सेफ्लाइटिसका एक हजार ७३९ शंकास्पद बिरामीको परीक्षण गरिएको उनले बताए । जापानिज इन्सेफ्लाइटिस संक्रमण एक पटक भएपछि अर्को पटक नभए पनि शंकास्पद बिरामीलाई भने अर्को पटक जापानिज इन्सेफ्लाइटिस हुन सक्ने उनको भनाइ छ ।

गत वर्ष सन् २०२४ मा २५ जना जापानिज इन्सेफ्लाइटिसबाट मृत्यु भएका थिए । उनले बर्सेनि जापानिज इन्सेफ्लाइटिसबाट मृत्यु हुनेको संख्या बढ्दै गएको बताए । गत वर्ष जापानिज इन्सेफ्लाइटिस् संक्रमण ८६ जना देखिएको थियो ।

सन् २०१४ मा चार जना, सन् २०१७ मा एक जना र सन् २०२३ मा सात जना जापानिज इन्सेफ्लाइटिसबाट मृत्यु भएका थिए ।

डा. गौतमका अनुसार यस वर्ष तीन वर्षदेखि ८९ वर्षसम्मका मानिसलाई जापानिज इन्सेफ्लाइटिस् देखिएको थियो । जापानिज इन्सेफ्लाइटिस्बाट २८ जिल्ला उच्च जोखिममा छन् ।

मृत्यु हुने अधिकांश ४० वर्षमाथिका छन् । उनले मृत्यु भएकामध्ये नौ प्रतिशतले खोप लगाएको तथा अन्यले खोप नलगाएको पाइएको बताए । गौतमले चिसो बढेकोले अब भने जापानिज इन्सेफ्लाइटिस् संक्रमण कम हुने बताए । यो रोग विशेषगरी साउनदेखि कात्तिकसम्म बढी देखिन्छ । नेपालमा ८२ प्रतिशत बालबालिकालाई जापानिज इन्सेफ्लाइटिस्विरुद्धको खोप लगाइएको छ ।

जापानिज इन्सेफ्लाइटिस् 'क्युलेक्स' प्रजातिको लामखुट्टेको टोकाइबाट सर्ने एक प्रकारको गम्भीर रोग हो । यो लामखुट्टे साँझपख तथा झिसमिसे बिहानीको समयमा बढी सक्रिय हुने गर्दछ । धानबाली, दलदल र पानी जम्ने स्थान लामखुट्टेको लागि प्रजनन स्थल बन्ने हुनाले यस्ता क्षेत्रमा संक्रमणको जोखिम बढी हुन्छ । नेपालमा सन् १९७८ मा पहिलोपटक रूपन्देही जिल्लामा जापानिज इन्सेफ्लाइटिस् देखिएको थियो ।

**Bagmati Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**

## Infrastructure Development Office

**Charikot, Dolakha**

## Invitations for bids

**IBF NO:-IDODLK/IFB-06/2082/83**
**Date of Invitation Of Bid:-Dec. 24, 2025(2082/09/09)**

1. Infrastructure Development office (IDO), Dolakha invites electronic bids from eligible bidders for the Upgrading/Construction of Road contracts mentioned below.

| S. N. | Contract Id | Project name | Estimated Amount in NRs (Exclusive of VAT) | Bid Security in NRS. |
|---|---|---|---|---|
| 1 | IDODLK/W/NCB/ 90/082/083 | Shikhar Sadak Staronnati, Bhimeshwor-6, Dolakha | 17,34,959.39 | 49,000.0 |
| 2 | IDODLK/W/NCB/ 91/082/083 | Pipalbot Krishnarey Daandabaari Sadak Staronnati, Bhimeshwor Na. Pa.-4, Dolakha | 1,64,51,679.99 | 463,500.0 |
| 3 | IDODLK/W/NCB/ 92/082/083 | Bijuli Bazaar, Thulopaatal, Bhusune, Jimba Tole Sadak Staronnati, Jiri Na. Pa.-9, Dolakha | 11,71,441.59 | 33,500.0 |
| 4 | IDODLK/W/NCB/ 93/082/083 | Jiri Maali Shyama Solu Everest Base Camp Jaane Sadak Jiri Zero, Jiri Na. Pa.-1, Dolakha | 30,39,765.93 | 86,000.0 |
| 5 | IDODLK/W/NCB/ 94/082/083 | Gongar Syalu Sadak Staronnati, Bigu Gaa. Paa.-1, Dolakha | 13,88,342.88 | 39,500.0 |
| 6 | IDODLK/W/NCB/ 95/082/083 | Dhikaa Siddhathan Hundai Purano Khanepani Tanki Chowk Sadak Staronnati, Tamakoshi Gaa. Paa.-5, Dolakha | 11,69,352.79 | 33,500.0 |
| 7 | IDODLK/W/NCB/ 96/082/083 | Kaalapani, Bhaatekhola, Firfire, Suntala Baari Hundai Kumaale Sadak Staronnati, Tamakoshi Gaa. Paa.-3, Dolakha | 1,09,41,506.84 | 309,000.0 |
| 8 | IDODLK/W/NCB/ 97/082/083 | Khosmere Seta Pahara sadak Staronnati, Tamakoshi Gaa. Paa.-2, Dolakha | 27,77,666.63 | 78,500.0 |
| 9 | IDODLK/W/NCB/ 98/082/083 | Najing Gamata Hupchi Marbu Sadak, Gaurishankar Gaa. Paa.-7, Dolakha | 27,78,920.14 | 78,500.0 |
| 10 | IDODLK/W/NCB/ 99/082/083 | Tunitaar Kaseri Manedaanda Malukhola Sadak, Gaurishankar Gaa. Paa.-8, Dolakha | 17,35,213.99 | 49,000.0 |
| 11 | IDODLK/W/NCB/ 100/082/083 | Mulabaari Ghayaabaari Hundai Purano Bato Lamabaari Samma Pugne Sadak Nirman, Gaurishankar Gaa. Paa.-5, Dolakha | 13,87,593.92 | 39,500.0 |
| 12 | IDODLK/W/NCB/ 101/082/083 | Lekharka Fedi Basa Cherdung Sadak, Gaurishankar Gaa. Paa.-4, Dolakha | 30,38,877.04 | 86,000.0 |
| 13 | IDODLK/W/NCB/ 102/082/083 | Saangkhola Ewithan Sadak Staronnati, Gaurishankar Gaa. Paa.-5, Dolakha | 30,36,191.28 | 86,000.0 |
| 14 | IDODLK/W/NCB/ 103/082/083 | Surasingtaar- Marbu- Toksing Simsaare Sadak, Gaurishankar Gaa. Paa.-7, Dolakha | 30,38,825.36 | 86,000.0 |
| 15 | IDODLK/W/NCB/ 104/082/083 | Jaamune Kesari Chesaa Khaare Thambu Sadak Staronnati, Gaurishankar Gaa. Paa.-8, Dolakha | 30,39,116.92 | 86,000.0 |
| 16 | IDODLK/W/NCB/ 105/082/083 | Taasinaam Sadak Staronnati, Gaurishankar Gaa. Paa.-9, Dolakha | 30,39,359.85 | 86,000.0 |
| 17 | IDODLK/W/NCB/ 106/082/083 | Pokhare 40 KM Dekhi Pahare Okhre Syaasi Sukre Hundai Wada Kaaryalaya Chhare Gauda Samma Sadak, Kalinchok Gaa. Paa.-3,4, Dolakha | 13,74,688.55 | 39,500.0 |
| 18 | IDODLK/W/NCB/ 107/082/083 | Soti Saadikhola Gujurpa Sadak, Kalinchok Gaa. Paa.-8, Dolakha | 1,64,14,017.05 | 463,500.0 |
| 19 | IDODLK/W/NCB/ 108/082/083 | Bhedpu Sthit Tamakoshi Chose Lahare Kalipokhari Shailung Sadak, Melung Gaa. Paa.-4, Dolakha | 13,88,165.89 | 39,500.0 |

2. Cost of each Bidding Document is NRs. 3,000.00
3. Pre-bid meeting shall be held on 13th January, 2026 at 11:00 AM in Infrastruecture Development Office, Dolakha
4. Last Date of Bid Submission is 23rd January,2026 at 12:00 and bid Opening Shall takeplace in Infrastruecture Development Office, Dolakha on 23rd January, 2026 at 1:00 PM
5. Detail Information related to respective invitation for bids can obtain from PPMO's e-GP system website: http://www.bolpatra.gov.np

**Office Chief**


**कुवेतमा रोजगार**

कम्पनी : SALON OPAL AND PEARL LOUNGE FOR WOMEN'S BEAUTY

पूर्व स्वीकृति मिति : २०८२/०९/०८ | LT. No. 335831 | चलानी नं.६०२४९४९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 4 | 280 | १३०,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १६ गते (31st Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम इजाजत नं. १३०५/०७४/०७५

**साउदीमा रोजगार**

कम्पनी : IMAN MOHAMMED AL-AMIREEN FOUNDATION FOR OPERATION AND MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८२/०९/०८ | LT. No. 335808 | चलानी नं. ६०२४९४९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labour | 1 | 0 | 1200 | ४५,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १६ गते (31st Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ALMIGHTY INTERNATIONAL MANPOWER SERVICES PVT.LTD.**(JAYA SHREE HANUMAN) Govt. License No. 1440/074/75
Basundhara-03,Kathmandu, Nepal, Tel: 015906717
E-mail : almightynepal@gmail.com, Web: www.aimsrecruitment.com


## फ्रेसवाटर इनर्जी लिमिटेडको

## २०८१/८२ को वार्षिक साधारणसभा सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०९/०९ गते

**आदरणीय शेयरधनी महानुभावहरू**

यस कम्पनीको मिति २०८२/०९/०८ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको आ.व. २०८१|०८२ को वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरूमा छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा सबै शेयरधनीहरूको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, स्थान र समय**

मिति : २०८२ पौष ३० गते बुधबार
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा. १०, काठमाण्डौ ।
समय : विहानको ९:३० बजे ।

**छलफलका विषयहरू :**

**सामान्य प्रस्तावहरू**

१. आ.व. २०८१/०८२ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०८१/०८२ को लेखापरिक्षण प्रतिवेदनसहितको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण पारित गर्ने सम्बन्धमा ।
३. कम्पनीको आ.व. २०८२/०८३ को लागि लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमीक तोक्ने सम्बन्धमा ।
४. सञ्चालकको बाँकी कार्यकालको लागि अनुमोदन गर्ने सम्बन्धमा ।
५. विविध ।

**विशेष प्रस्तावहरू**

१. शेयर खरिद विक्री लगायतका कम्पनीका कुनै पनि कार्यको लागि विद्युत नियमन आयोग लगायत अन्य निकायहरू संग स्वीकृती लिनु पर्ने खण्डमा उक्त कार्यको लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।
२. सञ्चालक समितिलाई बाधा अड्काउ फुकाउको लागि अख्तियारी सम्बन्धमा ।
३. विविध ।

**संचालक समिति**

## साधारणसभा सम्वन्धी सामान्य जानकारी

१. सभामा उपस्थित हुने शेयरधनीहरूले अनिवार्य रूपमा नागरिकताको प्रमाण पत्र वा आफ्नो परिचय स्पष्ट रूपमा खुल्ने फोटो सहितको आधिकारीक प्रमाण पत्र साथमा लिई सभामा भाग लिन अनुरोध छ ।

२. शेयरधनीहरूको दस्तखतको लागि शेयरधनी उपस्थिति पुस्तिका बिहान ९:०० बजेबाट खुल्ला गरिनेछ ।

२. साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनीको कानूनको ढाँचामा प्रतिनिधि पत्र (प्रोक्सी) नियुक्त गर्नु पर्नेछ । तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधि पत्र स्वतः बदर हुनेछ ।

४. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठीत संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्ने छ ।

५. कुनै शेयरधनी महानुभावहरूले छलफलका विषयहरू विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभाहुनु भन्दा ७ दिन अगावै सञ्चालक समितिको अध्यक्षलाई लिखित रूपमा प्रस्ताव दिनुपर्ने छ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारित गर्नको लागि समावेश गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहित हुनेछ ।

६. साधरणसभा सम्बन्धी थप जानाकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा. १०, काठमाण्डौ सम्पर्क राख्न अनुरोध गरिन्छ ।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# चुनावी वातावरण बनाउन स्वागतयोग्य कदम

बिच्किएका दलहरूलाई निर्वाचनमा सहभागी गराउने वातावरण बनाउने प्रयासमा सरकारले मंगलबार सार्थक प्रयास थालेको छ । राष्ट्रपति रामचन्द्र पौडेलको पहलमा प्रधानमन्त्री सुशीला कार्की र तीन शीर्ष दलका नेतृत्वबीच मंगलबार सौहर्द्रपूर्ण छलफल भएको हो । जेन–जी विद्रोहपछि प्रधानमन्त्री कार्की र सत्ताबाट सडकमा पुगेका कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी शर्मा ओली र पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालबीच औपचारिकरूपमा पहिलो भेट भएको हो । उक्त विद्रोहपछि एकअर्कालाई देखिनसक्ने र सुनिनसक्ने स्थानमा कार्की र दलका नेताहरू एकअर्काविरुद्ध उभिएका थिए । प्रधानमन्त्री कार्कीले दलका नेताहरूलाई 'अनुहार नै हेर्न मन नलाग्ने' जस्ता खालका अभिव्यक्ति दिँदै आएकी थिइन् भने सत्ताबाट सडकमा पुगेका एमाले अध्यक्ष ओलीले यो सरकारलाई असंवैधानिक भएको आरोप लगाइरहेका थिए ।

यही अवस्थामा ओलीलाई सरकारले जेन–जी विद्रोहको क्रममा दमन गरेको आरोपमा स्थानहद तोकेको थियो । निर्वाचनको वातावरण बनाउन चुनावी क्षेत्रमा जानुपर्ने राजनीतिक दलका नेतालाई स्थानहद तोक्नु गलत थियो नै । जसकारण फागुन २१ गतेका लागि तोकिएको निर्वाचन नहुने हो कि भन्ने संशय पैदा गराएको थियो । यसखाले व्यवहारबाट सरकार पछाडि हट्नुपर्ने सुझाव नागरिक अगुवाको पनि थियो । सोमबार नागरिक अगुवाहरूले यसखाले स्थानहद हटाएर लचक बन्न सुझाएका थिए ।

नभन्दै राष्ट्रपति पौडेलले प्रधानमन्त्री कार्कीलाई दलका नेतासँग भेट्ने चाँजोपाँजो मिलाइदिए । राष्ट्रपतिको कार्यालय शितलनिवासको सचिवालयले दिएको जानकारीलाई आधार मान्ने हो भने मंगलबार राष्ट्रपति, प्रधानमन्त्री र तीन पूर्वप्रधानमन्त्रीको भेटले फागुन २१ गतेको निर्वाचनलाई लगभग सुनिश्चित गराएको छ । उक्त छलफलमा राष्ट्रपति पौडेलको जोड निर्वाचनमै थियो । प्रधानमन्त्री कार्कीले निर्वाचनमा सरकार दत्तचित्त भएर अघि बढिसकेको बताएकी थिइन् । उनको एउटै विषयमा जोड थियो– दलले सरकारलाई विश्वास गर्नुपर्‍यो । विघटित प्रतिनिधिसभाको पहिलो दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा निर्वाचन गर्नुपर्ने पक्षमै उभिएका थिए । यता नेपाली कम्युनिस्ट पार्टीका संयोजक दाहालको जोड पनि निर्वाचन नै थियो । आफूलाई तोकिएको स्थानहद हटाएर हदैसम्म लचक बन्ने आशय ओलीले व्यक्त गरेका थिए ।

यस्तो अवस्थामा दलहरूलाई विश्वासमा लिन प्रधानमन्त्री कार्कीलाई राष्ट्रपति पौडेलले आग्रह गरेका थिए । झण्डै तीन घण्टा भएको छलफलको सकारात्मक सन्देश थियो– निर्वाचन तोकिएकै समयमा हुन्छ । सरकारले पछिल्लो समय दलहरूसँग बिग्रिएको सम्बन्धलाई सुधार्ने प्रयास गरिरहेको छ । यो सार्थक प्रयासको परिणाम पनि पक्कै राम्रो आउने छ ।

# सेयर बजारबाट हट्न नसकेको ग्रहण



❑ रिसव गौतम

> जेन-जी आन्दोलनपछि पनि कांग्रेस-एमालेको परिवर्तन नभएको सोच र अति राजनीतिले सेयर बजारका लगानीकर्तालाई अन्योल बनाएको छ । उनीहरु निर्वाचन भएर देशमा स्थिरता र शान्तिपूर्ण व्यावसायिक वातावरण आउनेमा ढुक्क हुन सकेका छैनन् । बरू आगामी दिनहरु झन् बढी संकटपूर्ण पो हुने हो कि ? भन्ने ठानिरहेका छन् । त्यसकारण लगानीकर्ता त्रसित छन् । अन्योलग्रस्त छन् ।

बढ्नुपर्ने सेयर बजार घट्दो क्रममा छ । नेपाल राष्ट्र बैंकले आफ्नो मौद्रिक नीतिलाई निरन्तर लचिलो बनाउँदै लैजाँदा पनि बजार बढ्न सकेको छैन । अहिले बजार झर्दाझर्दा सेयर बजार परिसूचक दुई हजा ५८४ अंकको बिन्दुमा आइपुगेको छ । मंगलबार ३.२७ अंकले बढेर उक्त बिन्दुमा कायम भएको हो ।

नयाँ गभर्नरमा प्रा.डा. विश्व पौडेल आइसकेपछि सेयर बजार लगानीकर्ताका धेरै मागहरू पूरा गरिएका थिए । नीतिगतरूपमा अहिले सेयर बजारलाई बाधा व्यावधानहरू छैनन् । बैंक तथा वित्तीय संस्थाहरूको 'ब्यालेन्स सिट' पनि अघिल्लो आर्थिक वर्षभन्दा सुधारिँदै गएका हुन् । अघिल्लो आर्थिक वर्षमा ब्याज तथा किस्ता रकम नउठ्ने समस्याले बैंकहरू आक्रान्त थिए । खराब कर्जा बढेको थियो । त्यसमा पनि गत आर्थिक वर्षदेखि सुधार देखिन थालेको हो । तर पनि यस वर्ष बैंकहरूले थोरै भए पनि लाभांश घोषणा गरिरहेका छन् । जीवन बिमा कम्पनीहरूले त यस वर्ष आकर्षक लाभांश घोषणा गरिरहेका छन् । लघुवित्त कम्पनीहरूले पनि राम्रै हिसाबको लाभांश घोषणा गरिरहेका छन् । ऊर्जा कम्पनीहरूमा त्यति चार्मिङ नदेखिए पनि होटल तथा अन्य क्षेत्रहरूको पनि अवस्था त्यति नराम्रो होइन । यद्यपि, ऊर्जा क्षेत्र देशले आश गरेको समृद्धिको आधारशिला हो । यस क्षेत्र आजभन्दा १० वर्ष अघिसम्म एक दर्जनभन्दा बढी नेप्सेमा सूचीकृत थिएनन् । अहिले ९७ वटा जलविद्युत् कम्पनी नेपाल स्टक एक्सचेन्जमा सूचीकृत छन् । देशले विद्युत् निर्यात बढाउँदै लगेको छ । कम्पनीहरूले निर्माणको चरणमा ऋणपान गरेरै विद्युत् उत्पादन गृह बनाएकाले सोको भारले भनेजस्तो लाभांश दिन सक्ने अवस्थामा पुगिसकेका छैनन् ।

हालैको जेन-जी आन्दोलनपछि होटल तथा पर्यटन क्षेत्रमा नकारात्मक असर परेको छ । तर पनि पर्यटन आगमन बढ्न थालेकै छ । अर्थतन्त्रको ऐनाको रूपमा हेरिने सेयर बजारको प्रतिविम्ब भने अँध्यारो छ । सेयर बजार दिनहुँ जसो ओरालोमात्र लागिरहेको छ । आखिर किन त ? के कारण घटिरहेको छ त सेयर बजार ? त्यसलाई केलाउने प्रयासमा आलेख केन्द्रित छ ।

## पुराना दलहरूको अति राजनीति

वास्तवमा जेन-जी आन्दोलनपछि सेयर बजारको नुर गिरेको हो । त्यसअघि २९ सय अंक नजिक पुगिसकेको सेयर बजार परिसूचकमा हठात् भएको जेन-जी आन्दोलन र त्यसपछिको परिस्थितिले उच्च अंकको गिरावट ल्याएको हो । राष्ट्र बैंकले चालु आर्थिक वर्ष २०८२/८३ का लागि मौद्रिक नीतिमार्फत सेयर बजारलाई जब प्रोत्साहनकारी नीति ल्यायो । त्यही ताका नै आन्दोलन सुरु भयो । फलस्वरूप बजारले अहिलेको परिस्थिति भोगिरहेको छ ।

जेन-जी आन्दोलन भएको १०० दिन बितिसकेको छ । चुनाव गराउन गठित अन्तरिम सरकारले हनिमुन अवधि पार गरिसकेको छ । तर चुनाव हुनेमा संशय उत्तिकै कायम छ । किनकि, कांग्रेस-एमाले जस्ता दलहरूको अति राजनीतिले चुनावी वातावरण बन्न सकेको छैन । उनीहरू भन्नलाई चुनावबाट भाग्दैनौं भनिरहेका छन् । निर्वाचन आयोगमा दल दर्ता, समानुपातिक सूची दर्ता पनि गरिरहेका छन् । तर उनीहरूको मूल ध्येय सर्वोच्च अदालतबाट प्रतिनिधिसभा पुनर्स्थापना गराउने कसरतमा छ ।

